नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. ३२९

मितिः- २०७४।०९।१४

*विषयः- वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी प्रशिक्षण कार्यमा सहभागी हुन पठाइ दिने सम्बन्धमा ।*

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु,
श्री जिल्ला प्राविधिक कार्यालयहरु,
दार्चुला, बैतडी, डडेल्धुरा, कन्चनपुर, कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा, बाँके, बर्दिया, दाङ, सल्यान, सुर्खेत, दैलेख

प्रस्तुत विषयमा त्यस कार्यालय वा अन्तर्गत योजनाहरुको आ.व. २०७३/७४ सम्मको कायमी बेरुजु कार्ययोजना बनाई बेरुजु फछ्यौंट सम्बन्धी काम गर्ने सम्बन्धमा यस मन्त्रालयको च.नं. २८० मिति २०७४।०८।२६ को पत्र मार्फत अनुरोध गरिएको तहाँ विदित्तै हुनुपर्दछ । त्यस सम्बन्धमा तयार गरिएको कार्ययोजना तथा बेरुजु अंक तथा बेरुजु फछ्यौंटको हाल सम्मको अवस्था बारेमा कुनै प्रकारका जानकारी नभएको अवस्था छ । यद्यपि त्यस कार्यालयको अभिलेख सँग मन्त्रालयको अभिलेख भिडान हुन नसकेको अवस्था छ । यस सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा वित्तीय सुशासनका लागि अपनाउनुपर्ने कार्यविधि तथा बेरुजु फछ्यौंटको तरिका बारेमा जिल्ला समन्वय समितिको कार्यालय र प्राविधिक कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरुलाई प्रशिक्षण प्रदान गरिने भएकोले सम्बन्धित कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरु बेरुजुको प्रकृति अनुसार (असुल गर्ने बेरुजु, पेश्की बेरुजु र नियमित गर्ने बेरुजु), बेरुजु फछ्यौंटको अवस्था र बेरुजु फछ्यौंट गर्न अपनाइएका उपाय सहित तपशिल बमोजिम स्थानमा हुने वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी प्रशिक्षण कार्यक्रममा निजहरुलाई अनिवार्य रुपमा सहभागी हुन पठाइदिनु हुन अनुरोध छ ।

तपशिलः-
प्रशिक्षण हुने स्थानः- दिनेश कटेज , धनगढी, कैलाली
प्रशिक्षण अवधिः- २०७४।०९।२६, विहान ८ बजे देखि बेलुका ५ बजे सम्म
सम्पर्क व्यक्तिः- श्री शरद कुमार शर्मा - ९८४१२३३०८०

..........................
ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

बोधार्थः-
श्री सूचना तथा विद्युतीय सुशासन शाखा
सिंहदरबार, काठमाण्डौ - Website मा राखिदिनु हुन अनुरोध छ ।